म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १४३ मंगलबार १७ पुस २०८० ने. सं. ११४४ थिल्लागा 2 January 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडामा निर्वाचन अधिकृतको कार्यालय स्थापना

हेटौंडा, १६ पुस/राष्ट्रियसभा सदस्य निर्वाचनका लागि सोमबार हेटौंडामा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ । आगामी ११ माघमा निर्वाचन तय भएको छ । निर्वाचन अधिकृतको कार्यालय हेटौंडा उपमहानगरपालिका-५ मा रहेको बागमती प्रदेश निर्वाचन कार्यालयमा स्थापना गरिएको हो । सात प्रदेशबाट राष्ट्रियसभामा प्रतिनिधित्व गर्ने रिक्त २० जना सदस्यमध्ये १९ जनाका लागि निर्वाचन हुनेछ । जसमध्ये बागमती प्रदेशबाट विभिन्न क्षेत्र (क्लस्टर)का गरी राष्ट्रियसभा सदस्यमा चारजना सदस्य निर्वाचित हुनेछन् । मुख्य निर्वाचन अधिकृत महेन्द्रबहादुर कार्कीका अनुसार बागमती प्रदेशमा एक सय १० जना प्रदेशसभा सदस्य र दुई सय ३७ जना स्थानीय तहका प्रमुख तथा उपप्रमुख गरी तीन सय ४७ जना मतदाता छन् । राष्ट्रियसभा सदस्य निर्वाचनका लागि मतदान भने हेटौंडा-४ स्थित भुटनदेवी मावि प्राविधिक शिक्षालयको 'एफ' ब्लकमा हुने सहायक निर्वाचन अधिकृत तारा आचार्यले जानकारी दिएका छन् ।

# बागमती प्रदेशमा भ्रमण वर्ष २०२४ सुभारम्भ

साझाकुरा संवाददाता



हेटौंडा, १६ पुस/ बागमती प्रदेश सरकारका संस्कृति, पर्यटन तथा सहकारी मन्त्री पुकार महर्जनले बागमती प्रदेश भ्रमणवर्षको बिधिवत घोषणा गरेका छन् । मन्त्रालयको तर्फबाट सोमबार हेटौंडामा पत्रकार सम्मेलन गरी मन्त्री महर्जनले प्रदेश भ्रमण वर्ष २०२४ को औपचारिक सुभारम्भ गरेका हुन् ।

वर्षको सुरुवात भएसँगै भ्रमण वर्षको घोषणा गरिएको र केही दिनमै औपचारिक कार्यक्रम मार्फत् भ्रमण वर्षको कार्यक्रम अघि बढाइने मन्त्रालयका सचिव गोबिन्दप्रसाद रिजालले बताए । भ्रमण वर्षमा विविध कार्यक्रम गर्नका लागि प्रदेश सरकारले १ करोड रुपैयाँ विनियोजन गरेकोमा त्यसलाई विविध कार्यक्रममा विभाजन गरी खर्च गरिने सचिव रिजालले जानकारी दिए ।

भ्रमण वर्ष सफल बनाउन श्रव्यदृश्य सामग्री उत्पादन तथा विभिन्न सञ्चार माध्यमबाट प्रसारण गर्ने, प्रदेशका प्रमुख गन्तव्य समेटिएको पुस्तक तथा ब्रोसर तयार गर्ने, पर्यटन वर्षका टिसर्ट, ज्याकेट, स्टिकरलगायत प्रचार सामग्री उत्पादन तथा वितरण, पर्यटकीय नक्सा तयार गर्नेलगायतका कार्यक्रम तय गरिएको सचिव रिजालको भनाई छ । सचिव रिजालका अनुसार भ्रमण वर्षको अवधिमा मन्त्रालयले भ्रमण वर्षको लोगो, नाराहरु, पर्यटकीय गन्तव्यको विवरण समेटिएको होडिङ बोर्ड निर्माण गर्नेछ ।

बागमती प्रदेशका पर्यटकीय गन्तव्यको नक्सा निर्माण गरी वितरण गर्ने, विभिन्न अन्तर्राष्ट्रिय सभा सम्मेलनमा भाग लिएर पर्यटन प्रवर्द्धनका लागि स्टलहरु राख्ने र प्रदर्शनी गर्ने, विदेशी पाहुना तथा राजदूतहरुलाई बागमती प्रदेशका पर्यटकीय क्षेत्र भ्रमण गराउने, विभिन्न पर्यटकीय प्रतियोगिता संचालन गर्ने र सद्भावना दूत नियुक्त गर्ने लगायत कार्यक्रम भ्रमण वर्षमा संचालन गरिने सचिव रिजालले बताए ।

भ्रमण वर्षको उद्घाटन समारोहमा २० लाख रुपैयाँ, प्रचार प्रसार अन्तर्गत १५ लाख रुपैयाँ, अन्य निकायहरुसँगको समन्वयमा पर्यटन प्रवर्द्धनका कार्यक्रम संचालनका लागि १५ लाख रुपैयाँ, पर्यटकीय गन्तव्यको प्रचारप्रसार सामग्री निर्माणका लागि १५ लाख रुपैयाँ, पर्यटन तथा हस्तकलाका सामग्रीको ब्राण्डीङका लागि ५ लाख रुपैयाँ, पत्रकारहरुसँगको अन्तरक्रिया, फिल्ड भिजिट कार्यक्रमका लागि ३ लाख रुपैयाँ, कार्यालय तथा अन्य कार्यक्रमका लागि ८ लाख रुपैयाँ भ्रमण वर्षभर खर्च गर्ने तयारी मन्त्रालयले गरेको छ ।

भ्रमण वर्षका लागि बजेट अपुग हुने भएकाले २ करोड रुपैयाँ रकम माग गर्ने गरी आर्थिक मामिला तथा योजना मन्त्रालयसँग समन्वय गरिएको सचिव रिजालले बताए । जसअनुसार विदेशी पाहुना तथा राजदूतको भ्रमणका लागि १० लाख रुपैयाँ, प्रचारप्रसारका लागि २५ लाख रुपैयाँ, स्थानविशेष पर्यटन प्रवर्द्धनका लागि ७५ लाख रुपैयाँ, अन्य प्रवर्द्धनात्मक कार्यका लागि १० लाख रुपैयाँ, पर्यटन प्रवर्द्धनका लागि काम गरेका व्यक्तिहरुको सम्मानका लागि १५ लाख रुपैयाँ गरी कुल २ करोड ५० लाख रुपैयाँ बढी बजेट माग गरिएको छ ।

साँस्कृतिक सम्पदाको विविधता, मनोरम प्राकृतिक परिदृश्य र ऐतिहासिक महत्व बोकेको बागमती प्रदेशमा विद्यमान पर्यटकीयस्थल र सम्भावनाको पहिचान, संरक्षण, सम्बर्द्धन र प्रचार प्रसार गरी पर्यटकीय गतिविधिलाई अभिवृद्धि गर्नका लागि भ्रमण वर्ष मनाउन लागिएको बताइएको छ । बागमती प्रदेशका पर्यटकीय स्थलमा पर्यटक आवागमन बढाउदै अर्थतन्त्रलाई समेत गतिशील बनाउने उद्देश्य राखेर बागमती प्रदेश सरकारले बागमती प्रदेश भ्रमण वर्ष २०२४ को शुभारम्भ गरेको मन्त्री महर्जनले जानकारी गराए ।

वागमती प्रदेशको ऐतिहासिक र पुराना सहर, बस्तीका साथै विभिन्न कला, संस्कृति, चाडपर्व र रहनसहनलगायतका विविधताले सम्पन्न यस प्रदेशमा मनमोहक हिमालका साथै जैविक विविधतायुक्त प्राकृतिक सम्पदा अवलोकन गर्न पर्यटकलाई आग्रह गरिने मन्त्री महर्जनले बताए । विश्वसम्पदा सूचिमा समावेश भएका ऐतिहासिक, साँस्कृतिक र प्राकृतिक सम्पदाको उचित संरक्षण र प्रचार प्रसार गरी आगामी दिनमा धेरै पर्यटकले भ्रमण गर्ने वातावरण निर्माण गर्नुका साथै भावी पुस्ताका लागि यस्ता धरोहर संरक्षण एवम् हस्तान्तरण गर्ने वातावरण निर्माणका लागि भ्रमण वर्षको अवधिमा विभिन्न कार्यक्रमको संचालन गरिने उनले बताए ।

यस्ता कार्यक्रमबाट आन्तरिक र बाह्य पर्यटकलाई प्रोत्साहन गर्दै यस क्षेत्रको समग्र विकासमा महत्वपूर्ण सहयोग पुग्ने विश्वास लिएको मन्त्री महर्जनले बताए ।

विगतमा कोभिड-१९ को महामारी तथा अन्य विभिन्न कारणले सुस्ताएको पर्यटन क्षेत्रलाई गतिशील बनाउन र बागमती प्रदेशको भ्रमण गर्ने सबै पाहुनालाई यस प्रदेशको विविधताका बारेमा स्वः अवलोकन र मूल्यांकन गर्ने वातावरण निर्माण गर्न भ्रमण वर्ष सफल हुने अपेक्षा राखिएको मन्त्री महर्जनले दाबी गरे ।

बागमती प्रदेश भ्रमण वर्ष, २०२४ भब्यरुपमा सफल बनाएर पर्यटन क्षेत्रसँग प्रत्यक्ष र अप्रत्यक्षरुपमा जोडिएका सार्वजनिक निकाय, निजी क्षेत्रका व्यवसायीहरु, पर्यटन क्षेत्रमा क्रियाशील संघसंस्था, नागरिकसमाज, सञ्चारजगत र अन्य सरोकारवालाको महत्वपूर्ण भूमिका रहने भएकाले सम्बद्ध सबै पक्षसँग समन्वय र सहकार्यको लागि हार्दिक अपील गरिएको मन्त्री महर्जनले जानकारी दिए ।

# हेटौंडा-काठमाडौं जोड्ने दुईवटा मार्ग १५ फागुनसम्म बन्द

साझाकुरा संवाददाता



हेटौंडा, १६ पुस/ हेटौंडा–काठमाडौं चल्ने दुईवटा छोटो सडकमार्गमा दुई महिनाको लागि सवारी सञ्चालनमा रोक लगाइएको छ । हेटौंडा-काठमाडौं आवतजावत गर्ने ५ वटा सडकमार्गमध्ये इन्द्रसरोवर गाउँपालिकाअन्तर्गत फाखेल सडकखण्ड र चखेल-मातातीर्थ सडकखण्ड दुई महिनाको लागि बन्द हुने भएको हो ।

मातातीर्थ र फाखेल-फर्पिङ सडकखण्ड स्तरोन्नति गर्न २ महिनाका लागि बन्द गरिएको इन्द्रसरोवर गाउँपालिकाले जनाएको छ । यी सडकहरु पुस १६ गतेबाट फागुन १५ गतेसम्मका लागि यातायात आवागमन बन्द गरिएको इन्द्रसरोवर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीले बताएका छन् । यी सडकको विकल्पमा अब सिस्नेरी, कान्तिलोकपथ तथा भीमफेदी-मार्खु-चित्लाङ-चन्द्रागिरि सडक प्रयोग गर्न सकिने इन्द्रसरोबर गाउँपालिकाका सूचना अधिकारी दीपक चापागाईंले जानकारी दिए ।

हेटौंडाबाट काठमाडौंको लागि ५ वटा छोटो दूरीको सडकमार्ग सञ्चालनमा रहे पनि सबै सडकहरु जीर्ण रहेको कारण पहिलो चरणमा चखेल र फाखेल सडकको स्तरीकरण गर्न लागिएको हो । हेटौंडा र काठमाडौं जोड्ने ७ सडक मार्गमध्ये पाँचवटा छोटो बाटो बेहाल अवस्थामा छन् । यो बाटो प्रयोग गर्ने यात्रुले मार खेप्नुपरेको छ । हेटौंडा-काठमाडौं जोड्ने हेटौंडा-भीमफेदी-फाखेल, हेटौंडा-सिन्नेरी-काठमाडौं, हेटौंडा-चखेल र हेटौंडा-मार्खु-चित्लाङ-काठमाडौं सडकको अवस्था जर्जर छ । यात्रुले सास्ती नव्यहोरी यी सडक पार हुन्न ।

पाँच छोटो दुरीका सडकमध्ये चारवटा मुख्य लाइनको रुपमा रहेको हेटौंडा-भैंसे-भीमफेदी सडकखण्ड मर्मत तथा फराकिलो पार्ने काम लामो समय बितिसक्दा पनि पूरा भएको छैन । यात्रु हेटौंडाबाट २३ किलोमिटर दुरीमा रहेको भीमफेदी पुग्दासम्म धूलो र हिलोले दिक्क बन्ने गरेका छन् ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।



हाम्रा विशेषताहरू:

- अललाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

मेला हेर्न हेटौंडा आऔं

बृहत खेलकुद तथा व्यापार महोत्सव २०८०

पौष ५ गते देखि पौष १७ गतेसम्म हेटौंडा-१०, टीसीएन चौर

स्टल बुकिङका लागि
९८५५०६८८७३, ९८५१०५३८०१

मुख्य आकर्षणहरु :

-विभिन्न १३ विधामा जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता
-दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती
-चर्चित लोक गायक/गायिकाद्वारा लाइभ दोहोरी
-खुल्ला नृत्य प्रतियोगिता
-परम्परागत तथा जिल्लाको संस्कृति झल्किने गरी जात जातिहरुको भेषभुषाको झाकी एवं कला प्रदर्शन ।
-अटोमोबाइल प्रदर्शनी,
-लत्ता कपडा तथा भाँडाकुँडा प्रदर्शनी,
-अन्तराष्ट्रिय स्तरको बाल उद्यान(रोटे पिङ, ड्रयागन, मारुती सर्कस, ब्रेक डान्स, भुत घर, चिडिया घर र बच्चाहरुको खेलौना)
-राष्ट्रिय तथा स्थानिय खानाको प्रदर्शनी,



दैनिक विभिन्न खेलकुद प्रतियोगिता
खेल स्रष्टा सम्मानित

प्रवेश शुल्क
विद्यार्थी :रु ५०
सर्वसाधारण : रु७०

मुख्य आयोजक
मकवानपुर जिल्ला खेलकुद विकास समिति हेटौंडा

आयोजक
औद्योगिक शान्ति नेपाल संस्था

# चीनले अनुदानमा दिएको ४० लाख कोरोना खोप नष्ट गरिँदै

काठमाडौं/चीन सरकारले नि:शुल्क दिएको कोरोना भाइरस विरुद्धको सिनोभ्याक खोपको ४० लाख मात्रा प्रयोग नगरी म्याद सकिएको छ ।

समयमा प्रयोग नगरेका कारण ४० लाख मात्रा खोप खेर गएको हो । चीन सरकारको अनुदानमा २०७८ वैशाख १२ र १४ गते दुई पटक गरी ४० लाख खोप नेपाललाई प्राप्त भएको थियो ।

बुस्टर डोजका रुपमा प्रयोग गर्न नमिल्ने भएपछि साढे दुई वर्षदेखि स्वास्थ्य सेवा विभागको केन्द्रीय भण्डारणमा यी खोप थन्किएको छ । खोपको म्याद पुस ७ गतेसम्म थियो । अब खोपको म्याद पनि गुज्रिसकेकाले सरकारले नष्ट गर्न लागेको हो ।

परिवार कल्याण महाशाखा अन्तर्गतको खोप शाखा प्रमुख डा. अभियान गौतम प्राविधिक कारणले गर्दा खोप प्रयोग गर्न नसक्ने अवस्थामा पुगेको बताउँछन् ।

'खोप सल्लाहकार समितिले बुस्टर डोजका लागि प्रयोग गर्न नमिल्ने भनेर सिफारिस गऱ्यो', डा. गौतमले भने, 'तर हामीले पहिलो, दोस्रो डोजको रुपमा पनि सिनोभ्याक खोप सञ्चालन गर्न सकेनौं ।'

तत्कालिन समयमा विज्ञले सिनोभ्याक खोप नलिनका लागि सुझाव दिएका थिए । तर शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि चीन सरकारको दबाबकै कारण उक्त खोप ल्याउन बाध्य भएको स्वास्थ्य मन्त्रालयका अधिकारी बताउँछन् ।

योजनाविहीन अवस्थामा ४० लाख खोप नेपालले किन लियो भन्ने प्रश्नमा आपूर्ति व्यवस्थापन शाखा प्रमुख सुरेन्द्र चौरसिया तत्कालीन समयमा खोपको माग अत्यधिक भएका कारण लिनुपरेको तर्क गर्छन् ।




'सरकारको राजनीतिक तहमा कुरा भएर खोप आएको हो । त्यसबेला अत्याधिक खोप माग थियो' डा. चौरसिया भन्छन्, 'तत्कालीन समयमा सिनोभ्याक खोप बुस्टर रुपमा लगाउन नमिल्ने भन्ने थिएन ।'

विश्व स्वास्थ्य संगठनले (डब्लुएचओ) ले त्यसबेला सिनोभ्याकको सट्टा फाइजरको खोप लगाउन सुझाव दिएको थियो । डब्लुएचओले सिनोभ्याक खोप बुस्टर डोजका लागि उपयुक्त नभएको भनेपछि राष्ट्रिय खोप सल्लाहकार समितिले खोप नलगाउने निर्णय गरेको थियो ।

तत्कालीन समयमा अधिकांश मानिसले खोपको विश्वसनीयतालाई हेरी मोडेर्ना, कोभिसिल्ड तथा फाइजर खोप लगाएका थिए । 'त्यसबेला अधिकांश मानिसको रोजाइ कोभिसिल्ड तथा फाइजर बन्यो । त्यसकारण पनि सिनोभ्याक खोपलाई सञ्चालन गर्न सकिएन', डा. चौरसियाले भने ।

**चीनमै फिर्ता पठाउने रणनीति असफल**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले खोप प्रयोगमा नआउने देखेपछि एक वर्ष अगाडिदेखि नै पुन: चीन सरकारलाई खोप फिर्ता लिन लागि पत्राचार गऱ्यो ।

तर परराष्ट्र मन्त्रालयबाट पटक पटक कूटनीतिक पहल गर्दा पनि चीन सरकारले फिर्ता लैजान मानेन । ठूलो मात्रामा खोप खेर जाने अवस्था बनेपछि सरकारले अन्य देशलाई अनुदानमा दिने रणनीति बनायो । त्यो पनि सफल हुन सकेन ।

'तीन-चार पटक खोप फिर्ता लैजानका लागि परराष्ट्र मन्त्रालयबाट कूटनीतिक पहल भएको थियो । तर एक वर्षसम्मको अथक् प्रयास भने सफल भएन', डा. गौतमले भने । ४० लाख खोप कुनै प्रयोग नहुने भएपछि नष्ट गर्ने तयारीमा जुटिएको डा. गौतम बताउँछन् ।

**कसरी नष्ट गरिँदैछ ?**

नेपालमा ठूलो मात्रामा खोप नष्ट गर्नुपर्ने अवस्था आएको पहिलो पटक हो । प्रयोगमा नआउने स्पष्ट भएपछि विभागले खोप व्यवस्थापनको विषयमा छलफल सुरु गरेको छ । 'अन्तिम विकल्प नै खोप नष्ट गर्नु हो । कसरी भन्ने बारेमा छलफल चलिरहेको छ', डा. चौरसियाले भने ।

उनका अनुसार विभाग अन्तर्गतको वातावरणीय एवं स्वास्थ्यजन्य फोहोर व्यवस्थापन शाखाको निर्देशिका अनुसार नै नष्ट गरिनेछ । 'अबको एक-दुई दिन भित्रमा विज्ञ, प्राविधिक टिम सहितको छलफल गर्नेछौं । त्यसपछि कसरी नष्ट गरिने भन्ने टुंगो लाग्छ', डा. चौरसियाले भने ।

विभागका अधिकारीहरुका अनुसार जलाएर वा नजलाई पनि विभिन्न प्रक्रिया अनुसार नष्ट गर्न सकिन्छ । 'खोप व्यवस्थापनमा विभिन्न प्रक्रिया छन् । जसअन्तर्गत अहिलेको सिनोभ्याक खोपलाई मेसिनमा हालेर नष्ट गर्न भन्ने छलफल चलेको छ', ती अधिकारीले भने ।

**"सरकारको लापरबाहीले खेर गयो"**

विज्ञहरुले भने यति ठूलो मात्राको खोप खेर फाल्नु गम्भीर लापरबाही भएको बताएका छन् । राष्ट्रिय खोप सल्लाहकार समितिका सदस्य तथा खोप विज्ञ डा. श्यामराज उप्रेती सरकारले पूर्ण मात्रा खोप दिने योजना बनाउन नसक्दा र जथाभावी खोप अनुदानमा लिने प्रवृत्तिका कारण खोप खेर गएको बताउँछन् ।

अनुदानमा आएको खोप खेर मात्रै गएन, खोप व्यवस्थापनका लागि राज्यको ढुकुटीबाट करोडौं खर्च भयो । ४० लाख खोप व्यवस्थापनमा खोप चिस्यान लगायतमा राज्यको लगानी छ ।

अन्य देशको सहयोगमा खोप लिंदा पनि सरकारले कुन खोप लिने, कति मात्रा लिने, त्यो लिएपछि कसरी व्यवस्थापन गर्ने योजना बनाउनुपर्ने थियो । त्यो योजना बनाएर राम्ररी काम गर्न नसकेका कारण खोप खेर गएको विभागका कर्मचारी बताउँछन् ।

विभागका एक अधिकारी अनुसार सिनोभ्याक मात्रै होइन, अन्य खोपको पनि योजना बनाउन नसक्दा लाखौं खोप खेर गए । त्यसबेला चार-पाँच महिनामा समेत म्याद सकिने खोप अनुदानमा पाइयो भनेर लिइएको थियो ।

'विभागले योजना बिना नै तल्लो तहमा खोप पठायो । कतिपयले खोप लगाए कतिपयले खेर फाले', विभागका ती अधिकारी भन्छन्, 'न त माथिल्लो तहमा विवरण पेश भएको छ । न केन्द्रले अनुगमन गर्न सकेको छ ।' खोपको सदुपयोग गर्नमा विभागको नेतृत्वले कुनै गम्भीरता नदेखाएको खोप सल्लाहकार समितिका सदस्य डा. उप्रेती बताउँछन् ।

'अनुदानमा आएको खोप भनेर लापबाही गर्नुभएन नि ! जीवनरक्षा गर्ने औषधि ल्याएर नष्ट गर्नुपर्ने अवस्था आउन राम्रो होइन', डा. उप्रेती भन्छन्, 'कतिपय देशले नपाइएको अवस्थामा ठूलो मात्रामा खोप खेर जाँदा भोलिका दिनमा नेपालको बारेमा राम्रो सन्देश जाँदैन ।'

*(स्रोत: अनलाइनखबर)*

# महोत्सवमा 'हात्तीछाप'को प्रचार गर्दै सौगात

काठमाडौं/अभिनेता सौगात मल्ल आफ्ना फिल्मको प्रचारमा उत्तिधेरै मिहिनेत गर्दैनन् । फिल्मका एकाध कार्यक्रम र मिडिया भेटघाटमा मात्र उनी सीमित रहन्छन् । तर, आगामी माघ २६ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'हात्तीछाप'को प्रचारका लागि भने उनी महोत्सव समेत धाइरहेका छन् । फिल्मको मुनाफाको हिस्सेदारीमा रहेकाले उनी फिल्मको प्रचारमा गम्भीर देखिएको बताइन्छ ।

सौगातले यसै साता नेपालगञ्ज, कैलालीको लम्की र बर्दियाको गुलरियामा गरी तीनवटा महोत्सवमा फिल्मको प्रचार गरेका छन् । ती महोत्सवमा उनलाई हेर्नेको भीड उल्लेख्य देखिएको थियो । र, उनले दर्शकलाई केही चोटिला संवाद सुनाएर फिल्म हेर्न निम्तो दिए । सौगातको साथमा फिल्मका प्रस्तुतकर्ता किरण नेपाली र कलाकार कमलमणी नेपाल पनि महोत्सवहरुमा सहभागी भएका थिए ।



महोत्सवमा फिल्मप्रति दर्शकको उत्साह देखिएको प्रस्तुतकर्ता नेपाली बताउँछन् । उनी भन्छन्, 'फिल्मलाई लिएर दर्शकहरु निकै उत्साहित रहेको पायौं । यसले हामीलाई पनि खुशी बनाएको छ । हामी फिल्मको बारेमा जानकारी दिन पश्चिमदेखि पूर्वसम्म पुग्नेछौं ।' सोमबारबाट अभिनेत्री उपासना सिंह ठकुरी र कलाकार बुद्दि तामाङ पनि दाङ जिल्ला पुगेर फिल्मको प्रचारमा जोडिएका छन् ।

सिमोस सुनुवारले निर्देशन गरेको फिल्ममा दयाहाङ राई, बेनिशा हमाल, विल्सन विक्रम राई, पुष्कर गुरुङ, प्रकाश घिमिरे, विनोद न्यौपाने, कविता आले, भोलाराज सापकोटालगायतको पनि अभिनय छ । प्रदीप भारद्वाजको लेखन रहेको फिल्ममा निमेष श्रेष्ठको सम्पादन, सुशन प्रजापतिको छायांकन, रामजी लामिछानेको कोरियोग्राफी, उज्ज्वल सागर तथा आशिष मगरको संगीत रहेको छ ।

# 'दयारानी'को गीत रिलिज

काठमाडौं/आगामी माघ २६ गते रिलिज हुने नेपाली फिल्म 'दयारानी'को 'चोरी चोरी' बोलको गीत रिलिज भएको छ । नयाँ वर्षको अवसर पारेर इन्टरनेटमा रिलिज गरिएको यस गीतमा अभिनेता दयाहाङ राई र अभिनेत्री दिया पुनको अभिनय छ ।

लिरिकल शैलीमा रिलिज यस गीतमा मनोज थापा मगरको सङ्गीत तथा हर्क साउदको शब्द रचना रहेको छ । सङ्गीतकार थापा मगर र सदिच्छा कट्टेलले आवाज दिएका छन् ।



यो फिल्मलाई माओत्से गुरुङले लेखन तथा निर्देशन गरेका छन् । यसमा दयाहाङ र दियाका अलावा विजय बराल, प्रमिसा गुरुङ, पुष्कर गुरुङ, टिकाराम घले, शिर्षा कुँवर, नयन गुरुङ, सूर्य सुनार, राजेन्द्र थापा, सीतादेवी गुरुङ र क्रिष्टी गुरुङ लगायतका कलाकार पनि अभिनय छ ।

# अर्थतन्त्र समस्यामा, दुई वर्षमा माग ३७ प्रतिशतले घट्यो

काठमाडौं/सरकारले अर्थतन्त्रमा सुधार आएको बताइरहँदा नेपाल उद्योग परिसंघ (सीएनआई) ले गरेको एक अध्ययनले भने अर्थतन्त्र समस्यामा नै रहेको देखाएको छ ।

परिसंघले उद्योग व्यवसायस्तरमा गरेको सर्वेक्षणअनुसार दुई वर्ष अगाडिको तुलनामा बजारमा समग्र माग ३६.९३ प्रतिशतले घटेको छ । माग घट्नु भनेको वस्तु तथा सेवाको उपभोग घट्नु हो ।

अघिल्लो आर्थिक वर्ष नै मागमा उच्च गिरावट आएपनि त्यसको तुलनामा समेत चालु आर्थिक वर्षको पहिलो त्रैमासमा अर्थतन्त्रमा सुधार नआएको परिसंघको अध्ययनले देखाएको छ ।

नेपाल उद्योग परिसंघले गरेको अर्थतन्त्रबारे चालु आर्थिक वर्षको पहिलो त्रैमासिक सर्वेक्षणले उक्त तथ्यांक सार्वजनिक गरेको हो ।

'सर्वेक्षणमा कच्चा पदार्थको मूल्य बढेको देखियो । दुई वर्षअघि ०७८/७९ को तुलनामा माग ३६.९३ प्रतिशतले घटेको देखियो,' प्रतिवेदन सार्वजनिक गर्दै परिसंघका अध्यक्ष राजेश अग्रवालले भने, 'कारोबारमा समेत ३०. ५४ प्रतिशतले गिरावट भएको छ ।'

परिसंघले आर्थिक वर्ष २०७९/८० मा मुलुकको अर्थतन्त्रको वास्तविक अवस्थाको पहिचान गर्न भन्दै अघिल्लो आर्थिक वर्षमा समेत एक सर्वेक्षण गरेको थियो। सोही सर्वेक्षणको दोस्रो संस्करणका रुपमा परिसंघले यस वर्ष पनि अघिल्लो र चालु आर्थिक वर्षको पहिलो त्रैमासको तुलनात्मक अध्ययन सर्वेक्षण गरेको उसले जनाएको छ ।

सर्वेक्षणमा विगत तीन आर्थिक वर्षको पहिलो त्रैमासको तुलनात्मक अध्ययन गरिएको सीएनआईले जनाएको छ । सर्वेक्षणअनुसार औद्योगिक उत्पादनको समग्र बजार मागमा अघिल्लो वर्ष २८.२८ प्रतिशतले ह्रास आएको थियो । यो चालु आर्थिक वर्षको सोही अवधिमा थप १२.०६ प्रतिशतले घटेको देखिएको छ । यसरी आर्थिक वर्ष २०७८/७९ को सोही अवधिको तुलनामा २०८०/८१ मा उद्योगहरूको समग्र मागमा कूल ३६.९३ प्रतिशतले संकुचन आएको हो । यसैगरी उद्योगहरूको कारोवार रकम अघिल्लो वर्ष २४.९४ प्रतिशतले घटेकोमा चालु आर्थिक वर्षको समान अवधिमा थप ७.४६ प्रतिशतले घटेको देखिन्छ । आर्थिक वर्ष २०७८/७९ को तुलनामा यो कूल ३०.५४ प्रतिशतले खुम्चिएको हो ।




'अर्थतन्त्रको प्रतिकूल अवस्थाका कारण गतवर्ष नै उद्योगी-व्यवसायीको मनोबल कमजोर बनेको देखिएको थियो, जुन चालु वर्ष समेत यथावत रहेको देखिएको छ । सर्वेक्षणअनुसार अघिल्लो आर्थिक वर्षमा ६९.४४ प्रतिशत उद्योगी-व्यवसायीले आफ्नो लगानीका योजनाहरू स्थगित गरेको जनाएका थिए भने चालु आर्थिक वर्षको पहिलो त्रैमासमा ५५.३२ प्रतिशत उद्योगी व्यवसायीहरूले आफ्ना लगानीका योजनाहरू स्थगित गरेको जनाएका छन्,' सीएनआईको अध्ययनले देखाएको छ ।

क्षेत्रगत रुपमा सिमेन्ट उद्योगको समग्र मागमा अघिल्लो वर्षको तुलनामा थप ७.३६ प्रतिशतले संकुचन आएको छ । अघिल्लो वर्षको सोही समयमा यो ४०.१७ प्रतिशतले घटेको थियो । आर्थिक वर्ष २०७८/७९ संगको तुलनामा हाल सिमेन्टको समग्र मागमा कूल ४४.५७ प्रतिशतले गिरावट आएको देखिन्छ ।

यसैगरी यस्ता उद्योगको कारोबार रकममा अघिल्लो वर्ष ३९ प्रतिशतले संकुचन आएकोमा चालु आर्थिक वर्षको सोही अवधिमा थप ९.५४ प्रतिशतले गिरावट आएको देखिन्छ । आर्थिक वर्ष २०७८/७९ को तुलनामा २०८०/८१ मा कारोबार रकममा कूल ४४.८२ प्रतिशतले संकुचन आएको देखिएको छ ।

परिसंघको सर्वेक्षण अनुसार अघिल्लो आर्थिक वर्षमा ८३.३३ प्रतिशत सिमेन्ट उत्पादकहरूले आफ्नो लगानीको योजना स्थगित गरेको जनाएका थिए भने चालु आर्थिक वर्षको पहिलो त्रैमशमा ६२.५० प्रतिशतले आफ्नो लगानी योजना स्थगित गरेको जनाएका छन् ।

निर्माण व्यवसाय क्षेत्रका उद्योगी व्यवसायीले सर्वेक्षणमा दिएको प्रतिक्रिया अनुसार यस क्षेत्रको समग्र माग अघिल्लो वर्षको तुलनामा थप १६.२० प्रतिशतले घटेको छ । अघिल्लो वर्ष सोही अवधिमा यो ४३.४३ प्रतिशतले घटेको थियो । आर्थिक वर्ष २०७८/७९ को तुलनामा २०८०/८१ मा यस क्षेत्रको समग्र मागमा कुल ५२.५९ प्रतिशतले संकुचन आएको पाइएको छ ।

यसैगरी यस क्षेत्रका उद्योगहरूको कारोबार रकम अघिल्लो वर्ष ४३.७१ प्रतिशतले घटेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा थप २०.८० प्रतिशतले घटेको देखिन्छ । आर्थिक वर्ष २०७८/७९ संगको तुलनामा आर्थिक वर्ष २०८०/८१ मा यस क्षेत्रको समग्र कारोबार रकममा कूल ५५.४२ प्रतिशतले संकुचन आएको देखिएको छ ।

यस्तै यस क्षेत्रका उद्योगहरूमा ३३.३३ प्रतिशतले लगानी स्थगित गरेको जनाएका छन् भने गत वर्ष ५३.८५ प्रतिशत उद्योगी व्यवसायीले आफ्नो लगानी विस्तारको योजना स्थगन गरेका थिए । *(स्रोत: अनलाइनखबर)*

# निर्वाचनमय बन्दै २०२४ : भारतदेखि अमेरिकासम्म चुनाव

काठमाडौं/सन् २०२४ विश्वभरका लागि चुनावी वर्ष बन्दैछ । विश्वका ६४ मुलुकमा यस वर्ष निर्वाचन हुँदैछ । छिमेकी मुलुक भारतदेखि मित्रराष्ट्र अमेरिकासम्म युरोपेली युनियनदेखि युद्धग्रस्त युक्रेनसम्म यसवर्ष निर्वाचनमा होमिँदैछन् ।

विश्वका ४९ प्रतिशत जनसंख्याले यस वर्ष निर्वाचनलाई नजिकबाट हेर्नेछन् । यस वर्ष हुने निर्वाचनले उनीहरुको कम्तीमा चार वर्षसम्मको भविष्यलाइ निर्धारण गर्नेछ । सबैस्थानमा स्वच्छ र निष्पक्ष निर्वाचन हुन्छ भन्ने सुनिश्चितता भने अवश्य छैन । उदाहरणका लागि बंगलादेशमा जनवरीमा हुने निर्वाचनबाट शेख हसिना पुन: सत्तामा आउने निश्चित छ । विभिन्न षड्यन्त्रमार्फत आफ्नो जित सुनिश्चित गर्न उनले प्रतिपक्षविहीन रुपमा निर्वाचन गराउन लागेको आरोप विपक्षीहरुले लगाइरहेका छन् । प्रतिपक्षी दलहरुले निरंकुशरुपमा हुन लागेको निर्वाचन बहिष्कार गर्ने बताएका छन् ।

यता, पाकिस्तानमा पनि इमरान खानलाई जेलमा राखेर निर्वाचन गराउने तयारी भइरहेको छ । यसपटक सेनाले नवाज सरिफलाई पुन सत्ताको बागडोर जिम्मा लगाउने संभावना छ । खानका समर्थकहरुलाई राज्य सत्ताले दमन गरिरहेको छ । पाकिस्तानमा फेब्रुअरीमा निर्वाचन हुनेछ । भारतमा पनि सन् २०२४ को अप्रिल वा मे महिनामा लोकसभाको निर्वाचन हुँदैछ । निरन्तर तेस्रो कार्यकाल पनि प्रधानमन्त्री हुँदै इतिहास रच्ने दाउमा बहालवाला प्रधानमन्त्री नरेन्द्र मोदी रहेका छन् ।

यस्तै, युद्धमा रहेको युक्रेनमा पनि चुनावी बहस चलिरहेको छ । चुनाव गराउनका निम्ति राष्ट्रपति भोलोदिमिर जेलेनेस्कीलाई अमेरिकाको दबाब छ । सन् २०२४ मा राष्ट्रपतीय निर्वाचनमा होमिन लागेको अमेरिकाले नै युक्रेनमा चुनावको बहस गराएको हो । रिपब्लिकन पार्टीभित्रको सानो समूहमा यससम्बन्धी बहस झाँगिएको छ । चुनाव निगरानी सञ्जाल ओपोराकी अध्यक्ष ओलाह एभीजोयस्का भन्छिन्, 'कट्टर दक्षिपन्थी रिपब्लिकनहरु युक्रेनलाई सैन्य सहायता रोक्नुपर्ने आफ्नो माग जायज ठहऱ्याउनका निम्ति चुनावको बहस गरिरहेछन् ।'

डोनाल्ड ट्रम्पको अलगवादी विचारले रिपब्लिकनमा प्रभाव जमाइरहँदा अमेरिकी घरेलु राजनीतिमा युक्रेन सहायताको मुद्दा राजनीतिक मतभेदमा फसिरहेको छ । एभीजोयस्का भन्छिन्, 'धेरै रिपब्लिकनले युक्रेनलाई समर्थन गर्छन् तर युक्रेनमा चुनावको विषयलाई यिनीहरुले मुद्दा भने पक्कै बनाउनेछन् ।'

यसको सुरुवात उनीहरुले गरिसकेका छन् । अघिल्लो महिना रिपब्लिनबाट राष्ट्रपतिमा उम्मेदवारी दिने तयारी गरिरहेका विवेक रामास्वामीले भनेका छन्, 'युक्रेन लोकतन्त्रको प्रतिमूर्ती होइन र अमेरिकाले थप सहायता नदिएसम्म चुनाव नगर्ने धम्की उसले दिइरहनेछ।'

रिपब्लिकनका सांसद लिन्ड्से ग्राहमले पनि अगस्तमा किभ भ्रमणका दौरान युक्रेनले सन् २०२४ मा चुनाव गर्नैपर्ने बताएका थिए । युक्रेनका राष्ट्रपति जेलेनेस्कीले अमेरिकामा उठिरहेको आवाजको तात्पर्य बुझेका छन् । आफ्नो प्रमुख सहयोगीले सहायता रोकेमा रुससँग प्रतिद्वन्द्विताका लागि कठिन हुनेमा उनी जानकार छन् । गत अगस्टमा टेलिभिजन अर्न्तवार्तामा उनले भनेका छन्, 'अमेरिकाले युक्रेनलाई सहायता रोक्न सक्ने केही कारणहरु छन् । तीमध्ये युक्रेनमा चुनाव पनि एक हो । युक्रेनमा चुनावको माग गर्दै अमेरिकामा रिपब्लिकनले चर्काइरहेको आवाजबारे म जानकार छु।'

हालसम्म जेलेनेस्कीले चुनावलाई अस्वीकार गरेका छैनन् । चुनावका निम्ति सुरक्षा, कानुन र सहायता सबैको चुनौती रहेको उनी बताउँछन् । तथापि युद्धकै समयमा चुनाव भए दोस्रो कार्यकालमा उठ्न आफू तयार रहेको उनको भनाइ छ । हालैको अर्न्तवार्तामा उनले भनेका छन्, 'एक वर्षभित्र वा त्यस अवधिको जुनसुकै समयमा पनि चुनाव गराउन म तयार छु ।' युक्रेनमा हमला गरेको रुसले पनि निर्वाचन गराउदैछ । मार्चमा हुने निर्वाचनबाट त्यहाँ पनि भ्लादिमिर पुटिन फेरि अनुमोदन हुनेमा कुनै शंका छैन ।

# सौगात र विपिनको 'द रेड सुटकेस' चैत ३० लाई निश्चित

काठमाडौं/विश्वकै प्रतिष्ठित मानिने 'भेनिस फिल्म फेस्टिभल'मा महत्त्वपूर्ण दुई अवार्ड जितेको नेपाली फिल्म 'द रेड सुटकेस'को प्रदर्शन मिति घोषणा गरिएको छ । अंग्रेजी नयाँ वर्ष (२०२४)को अवसर पारेर सोमबार एक पोस्टर सार्वजनिक गर्दै आगामी चैत ३० गतेलाई प्रदर्शन मिति निश्चित गरिएको हो । यो मितिमा रामबाबु गुरुङ निर्देशित फिल्म 'डिग्री माइला' पनि प्रदर्शनमा आउने तयारीमा छ ।




फिडेल देवकोटाको लेखन तथा निर्देशन रहेको फिल्ममा सौगात मल्ल, विपिन कार्की, प्रविन खतिवडा र सृष्टि श्रेष्ठ मुख्य भूमिकामा छन् । नेपालको आप्रवासी परम्परा र नियतिको कथालाई उठाइएको फिल्ममा सुशन प्रजापतिको छायांकन र समन अलभितिगाको सम्पादन छ । रामकृष्ण पोखरेल, शोभा थापा र फिडेल देवकोटा निर्माता तथा श्रीलंकाका विमुक्ति जयसुन्दरा सह-निर्मातामा छन् ।

जर्मनीको म्यानहाइम हाइडेलवर्ग इन्टरनेसनल फिल्म फेस्टिभल, स्विजरल्यान्डको जुरिच फिल्म फेस्टिभल, भारतको मुम्बई फिल्म फेस्टिभल आदिमा समेत छनोट भएको फिल्मले भेनिस फिल्म फेस्टिभलबाहेक हालै श्रीलंकामा सम्पन्न जाफ्ना इन्टरनेसनल सिनेमा फेस्टिभलमा बेस्ट डेब्यू फिचर फिल्मको अवार्ड पनि जितेको छ । यो फिल्ममा विपिनले बिना पारि श्रमिक काम गरेको बताइन्छ ।

निर्माता पोखरेलले विदेशी दर्शकबाट फिल्मले प्रशस्त स्नेह पाएको र घरेलू दर्शकबाट त्यस्तै स्नेहको अपेक्षा गर्दै फिल्म प्रदर्शन गर्ने निर्णयमा पुगेको बताएका छन् । 'विश्वका दर्शकहरुको प्रतिक्रिया हाम्रो लागि उत्साहपूर्ण रह्यो । अब हामी घरेलू दर्शकहरुको पनि प्रतिक्रियाका लागि उत्सुक छौं,' उनले भने । निर्देशक देवकोटाले भने फिल्ममा सामाजिक यथार्थलाई उठाइएको बताएका छन् ।

# 'द अन ब्रेकेबल अगस्त्य: च्याप्टर १' फागुन १८ मा रिलिज हुने

काठमाडौं/लेखक तथा निर्देशक सौरभ चौधरीको महत्वाकांक्षी फिल्म 'द अन ब्रेकेबल अगस्त्य: च्याप्टर १'को फस्ट लुक रिलिज गरिएको छ । योसँगै यसको प्रदर्शन मिति घोषणा गरिएको छ ।

यो फिल्म आगामी फागुन १८ गते रिलिज हुने तय भएको छ । सार्वजनिक गरिएका दुई पोस्टरमा यसका अभिनेता सौगात मल्ललाई 'सौर्य'को रूपमा परिचय गराइको छ ।

यसमा सौगातको साथमा नाजिर हुसेन, मलिका महत, प्रमोद अग्रहरी, विजय बराल, रवीन्द्र झा लगायतका कलाकारको अभिनय छ ।

डार्क हर्ष इन्टरटेन्मेन्ट र सेभेन सिज इन्टरटेन्मेन्टको प्रस्तुतिमा तयार फिल्ममा प्रकाश मल्ल, अनीश तामाङ र विनोद पौडेल निर्माता रहेका छन् भने कार्यकारी निर्माता विश्व गौचन र अभिषेक चौधरी हुन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*
*Contact No. 9845292140,*
*057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# एपीएफले जित्यो राष्ट्रिय महिला भलिबलको उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/ हेटौंडामा भएको केशवलाल श्रेष्ठ स्मृति राष्ट्रिय महिला भलिबल प्रतियोगिताको उपाधि सशस्त्र प्रहरीको एपीएफ क्लवले जितेको छ ।

हेटौंडा-१०, स्थित टिसिएन चौरमा सोमबार भएको फाइनल खेलमा चन्द्रागिरी नगर पालिका न्यूडाइमण्ड क्लवलाई ३-१ को सेटमा पराजित गर्दै एपीएफले उपाधिसहित दुईलाख रुपैयाँ जितेको हो । न्यू डाइमण्डलाई एपीएफले २५-१९ २०-२५, १७-२५ र २३-२५ को सेटमा हराएको हो । उपविजेता भएको न्यूडाइमण्डले एकलाख रुपैयाँमै चित्त बुझाउन बाध्य भएको छ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी निरुता ठगुन्ना, उत्कृष्ट प्रशिक्षक विजय केसी र उत्कृष्ट सर्भर एपीएफका सरस्वती चौधरी हुँदा बाँकी विधागत उत्कृष्ट खेलाडीको पुरस्कार न्यूडाइमण्डले प्राप्त गर्‍यो ।

उत्कृष्ट स्पाइकर जेनिसा विश्वकर्मा, ब्लकर सुमित्रा रेग्मी, डिफेण्डर सलिना श्रेष्ठ र सेटर प्रगति नाथ घोषित भए । सर्वोत्कृष्ट खेलाडीले १५ हजार र बाँकी विधागत उत्कृष्टले नगद ५ हजार रुपैयाँसहित ट्रफी प्राप्त गरे । ५ वटा टोलीको सहभागिता रहेको प्रतियोगिता सिंगल राउण्ड रोबिनको आधारमा सञ्चालन भएको थियो ।




एपीएफ ११ अंकका साथ समूह विजेता र न्यूडाइमण्ड १० अंकसहित समूह उपविजेता हुँदै फाइनल खेलेका थिए ।

समूह चरणको अन्तिम खेलमा न्यूडाइमण्डले त्रिभुवन आर्मीलाई र एपिएफले नेपाल पुलिस क्लवलाई हराउँदै उपाधि भिडन्त गरेका थिए । प्रतियोगिताको सेमिफाइनलबाट बाहिरिएका त्रिभुवन आर्मी र नेपाल पुलिस क्लवले ५०/५० हजार रुपैयाँ प्राप्त गरेको छ । विजेता, उपविजेता तथा विधागत उत्कृष्ट खेलाडीलाई हेटौंडा उपमहानगरपालिका मेयर मीनाकुमारी लामा, आयोजक केशवलाल श्रेष्ठ स्मृति प्रतिष्ठानका अध्यक्ष प्रताप विष्ट, मकवानपुर जिल्ला भलिबल संघका अध्यक्ष वसन्तकुमार सिटौला, वडाअध्यक्ष सबिन न्यौपानेलगायतले पुरस्कार वितरण गरेका हुन् ।

मेयर लामाले समग्र खेल क्षेत्रसहित उपमहानगरको सर्वाङ्गीण विकासमा आफूहरु लागिपरेको बताइन् । यस्ता खेलकुदले जिल्ला तथा नगरको नाम बाहिर पनि चिनाउन मद्दत पुग्ने उनको भनाई थियो । आगामी दिनमा पनि खेलकुदका यस्ता गतिविधिलाई प्राथमिकता दिँदै आवश्यक सहयोग गर्ने मेयर लामाको प्रतिबद्धता रहेको थियो । मकवानपुर जिल्ला खेलकुद विकास समितिले औद्योगिक शान्ति नेपाल संस्थासँगको सहकार्यमा हेटौंडामा आयोजना गरेको बृहत खेलकुद तथा व्यापार महोत्सवमा भलिबल संघ र केशवलाल श्रेष्ठ स्मृति प्रतिष्ठानले १३ गतेबाट राष्ट्रिय महिला भलिबल प्रतियोगिताको आयोजना गरेको हो ।

# थाहानगरको फुर्केमा तमु ल्होसार मनाइयो




साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/तमु ह्युल छोंज धिं गुरुङ राष्ट्रिय परिषद् इकाई समिति थाहा नगरपालिका-५ फुर्केको आयोजना तथा नेपाल तमु विद्यार्थी छोंज धीं जिल्ला कार्यसमितिको सहआयोजनामा साँस्कृतिक कार्यक्रमसहित तमु ल्होसार मनाइएको छ ।

तमु ह्युलका इकाई अध्यक्ष तथा थाहा-५ का वडाअध्यक्ष बिष्णुबहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा थाहा नगरपालिका प्रमुख बिष्णु बिष्टको प्रमुख आतिथ्यता तथा उपप्रमुख भरत गोपालीको विशेष आतिथ्यतामा भएको हो । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, सामाजिक विकास शाखाप्रमुख अनिल लामिछाने, ५ नम्बर वडाका निर्वाचित जनप्रतिनिधि, तमु विद्यार्थीका जिल्ला कार्यसमिति सदस्यहरु, तमु समाजका जेष्ठ सदस्य गणेशबहादुर गुरुङ, पत्रकार शम्भु अधिकारी लगायत अतिथिको उपस्थिति रहेको थियो ।

कार्यक्रममा शुभकामना दिदै नगरप्रमुख बिष्टले संस्कार र संस्कृति जान्न र बुझ्नका लागि पनि युवाको सक्रियता बढेको देखेर खुशी लागेको बताए । ल्होसार चाड सामूहिकरुपमा मनाउँदा नयाँ पुस्ता र अन्य समुदायलाई पनि चासोको विषय बनेको उनको भनाइ थियो । उनले गुरुङ समुदायको संस्कृति तथा रहनसहनलाई पुस्तानान्तरण गर्दै लानुपर्नेमा जोड दिए ।

तमु ल्होसारको बारेमा र कार्यक्रमको उद्देश्यको बारेमा प्रष्ट पार्दै तमु विद्यार्थीका मन गुरुङले 'ल्हो' को अर्थ वर्ष र 'सार' को अर्थ नयाँ भएकाले वर्ष फेरिने दिनलाई 'तमु ल्होसार' भनिएको बताउँदै यसदिन गुरुङ समुदायले हर्षोल्लासका साथ आफ्नो भेषभूषा र नयाँ परिकार ग्रहण गरी नयाँ वर्षलाई स्वागत गर्ने तथा 'तमु ल्होसार' पर्व सूर्यको किरणसँग सम्बन्धित भएको बताउदै गुरुङ समुदायको बाहुल्य रहेको नेपालको धेरै जिल्लामा सूर्यको ताप पहिले आउने भएकाले पुस १५ मा यो पर्व मनाउने गरिएको बताइन । यसपटक तमु (गुरुङ समुदाय)ले तो (बिरालो वर्ग)को बिदाइ गर्दै गरुड बर्गको स्वागत गरेर भव्यरुपमा पर्व मनाएका हुन् ।

# सिस्नुको झोलदेखि गुन्द्रुकसम्म पाउने राक्सिराङमा हाटबजार




साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/ राक्सिराङ गाउँपालिकाको प्रमुख प्रशासनिक भवन रहेको वडा नं ५ चैनपुरस्थित मनहरी खोलाकिनारमा पाक्षिक हाटबजार सुरु भएको छ ।

२०८० सालकोको पहिलो हाटबजार जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले उद्घाटन गरेका छन् । राक्सिराङ गाउँपालिकाले स्थानीय कृषिउपजको प्रवर्द्धन, बिक्री, बितरण र गाउँसमाजका किसान, व्यापारी र सरोकारवालाको भेटघाट र छलफल सहजै होस् भन्ने हेतुले पाक्षिकरुपमा हाटबजार सुरु गरेको जनाएको छ । हाटबजार हरेक महिनाको १ गते र १५ गते सञ्चालन हुनेछ ।

हाटबजारको व्यवस्थापनका लागि कोपिला गोलेको संयोजकत्वमा हाटबजार व्यवस्थापन समिति समेत गठन गरिएको छ । हाटबजारका लागि निर्मित २० वटा स्टलहरु पहिलो दिनको हाटबजारमा पूर्णरुपमा भरिभराउ देखिन्थे । स्थानीय उत्पादनहरु गहत, मास, फापर, कोदा, आलु, पिँडालु, बेतबाँसका सामग्री, आरनमा बनाइएका फलामे औजारहरु, स्थानीय परिकार गिठ्ठा, भ्याकुर, पिँडालु, तरुल, सिस्नुको झोल रहेका होटलहरु, स्थानीय जातका खसी, बोका, लोकल कुखुरा, स्थानीयस्तरमा उत्पादित मौरीको महलगायतका दर्जनौं स्टलहरु हाटबजारमा रहेका थिए ।

पश्चिम मकवानपुरको मनहरी बजार हरेक महिनाका १ गते र १५ गते बन्द हुने हुँदा मनहरी बजारबाट जम्मा ६ किलोमिटर दूरीमा रहेको राक्सिराङका ग्राहक, उपभोक्ता र व्यापारीलाई समेत आकर्षण गर्ने लक्ष्य हाटबजारले लिएको छ । हाटबजार अघिल्लो बर्षभन्दा अझ सुदृढ र प्रभावकारी ढंगले चलाउन लागिएको प्रचार प्रसार उपसमितिका संयोजक एबम् सञ्चारकर्मी ज्ञानेन्द्र तामाङले जानकारी दिए । गाउँपालिका अध्यक्ष राजकुमार मल्लको सभाध्यक्षतामा भएको हाटबजारको उद्घाटन कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख घलान प्रमुख अतिथि थिए । गाउँपालिका उपाध्यक्ष बनस्तम थिङले स्वागत गरेका थिए ।

कार्यक्रममा ३ नं वडाध्यक्ष उत्तम वाइबा, ७ नं वडाध्यक्ष रामबहादुर प्रजा, नेकपा एकीकृत समाजवादीका अध्यक्ष सागर प्रजा, नेपाली काँग्रेसका सभापति बीरेन्द्र जिम्बालगायतले शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा २ नं वडाध्यक्ष बुद्धराम मुक्तान, नेपाल चेपाङ संघ बागमती प्रदेशका अध्यक्ष खुसीलाल प्रजासहित विभिन्न सामाजिक संघसंस्थाका प्रतिनिधि, नेपालकै पहिलो चेपाङगायक र विनकुमार चेपाङ, सञ्चारकर्मी लगायतको सहभागिता थियो । कार्यक्रममा स्थानीय कलाकारसहित गन्धर्व उत्थान समाजका गायकले सारंगीमा गीत गायन, खैंजडी भजन समूहको टोलीद्वारा खैंजडी भजन, जलपरी सांस्कृतिक समाजका कलाकार द्वारा नृत्य प्रस्तुत भएको थियो ।

# नगरस्तरीय हाजिरीजवाफमा १० नम्बर वडा प्रथम




साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/ नगरस्तरीय बालसमूह संजालको आयोजना तथा हेटौंडा उपमहानगर पालिकाको सहकार्यमा शनिबार हेटौंडामा भएको नगरस्तरीय हाजिरीजवाफ प्रतियोगितामा १० नम्बर वडा प्रथम भएको छ । प्रतियोगितामा १७ नम्बर वडा द्वितीय, ४ नम्बर वडा तृतीय र ११ नम्बर वडा चौथो भएको हो ।

बालमैत्री स्थानीय शासन घोषणाको तयारीमा रहेको हेटौंडा उपमहानगरपालिकाले बालमैत्री क्रियाकलापको रुपमा हाजिरीजवाफ प्रतियोगिता आयोजना गरेको हो । प्रतियोगितामा विजयी हुने बालबालिकालाई पुरस्कारस्वरुप पुस्तक, पेन र डायरी वितरण गरिएको छ । हेटौंडा उपमहानगरपालिका प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यता एवम् नगरस्तरीय बालसमूह संजालका अध्यक्ष सौरज देवकोटाको सभाध्यक्षतामा हाजिरीजवाफ प्रतियोगिता भएको हो ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका उपप्रमुख राजेश बानियाँ, महिला तथा बालबालिका महाशाखाप्रमुख विष्णुकुमारी लामिछाने, बालमैत्री वडा सम्पर्क व्यक्तिहरु, वडा सहजकर्ताहरु, वडास्तरीय बालसमूह संजालका प्रतिनिधिहरु, नगर सजांलका प्रतिनिधिहरु, विभिन्न संघसस्थाका प्रमुख एवम् प्रतिनिधिहरु, अभिभावकहरुको सहभागिता रहेको थियो । प्रतियोगितामा १९ वटै वडाबाट सहभागिता रहेको थियो ।

# नयाँ अवसर र सम्भावना खोजी गर्न सफलता मिलोस्: प्रमुख शर्मा



साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/ बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्माले सन् २०२४ का अवसरमा शुभकामना दिएका छन् । सोमबार शुभकामना सन्देश जारी गर्दै प्रमुख शर्माले स्वदेश तथा विदेशमा रहेका नेपाली दाजुभाइ-दिदिबहिनी एवम् समस्त नेपालीमा सुख, शान्ति, सुवास्थ्य, दीर्घायू, समृद्धि तथा उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गरेका छन् ।

प्रमुख शर्माले देशलाई सर्वोपरी राखी संसारभरमा हामी र हाम्रो भन्ने साझा भावनाको विकास गर्न मन, वचन र कर्मले दत्तचित्त भई लागिपर्न यस्ता विशेष पर्वले सबैलाई उत्प्रेरित गराइ राखोस् भनेका छन् । 'विश्वभरका मानवका लागि आजैबाट नयाँ अवसर र सम्भावना खोजी गर्न हामीलाई सफलता मिलोस् । हाम्राबीचमा आपसी सद्भाव, सहअस्तित्व, भातृत्व र सहिष्णुता अझ प्रगाढ र कसिलो बनोस् ।', शुभकामना सन्देशमा प्रमुख शर्माले भनेका छन् ।

प्रमुख शर्माले नयाँ वर्षलाई केवल उत्सव, रमझम र भित्तेपात्रो फेर्ने दिनका रुपमा मात्र नभएर देश निर्माणको खाका कोर्न प्रतिबद्धता व्यक्त गर्ने अवसरका रुपमा लिनसकौं भन्ने कामना गरेका छन् ।

# निर्माणाधीन मनहरी अस्पतालको सांसद बर्तौंलाद्वारा अनुगमन

साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/ मकवानपुरको मनहरी अस्पताल निर्माणको काम समयमै नसकेको तथा कमसल निर्माण सामग्री प्रयोग भएको व्यापक जनगुनासो आएपछि प्रतिनिधिसभा सदस्य महेशकुमार वर्तौलाले निर्माणस्थलको अनुगमन गरेका छन् ।

मकवानपुर-२ बाट निर्वाचित सांसद वर्तौलाले मनहरी अस्पतालको निर्माणाधीन अस्पतालको अनुगमन गरी फोटो सहित सामाजिक संजालमार्फत जनताको ध्यानाकर्षण गराएका छन् । वर्तौलाले 'नेकपा एमालेका श्रद्धेय अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले घोषणा गरेको कार्यक्रम र बजेटमार्फत् मनहरी गाउँपालिकास्थित १५ शैयाको मनहरी अस्पतालको निर्माण प्रक्रिया सुरु भएको लामो समय भैसकेको छ ।'

आफूले जिम्मेवारी लिएको काम समयमै सम्पन्न नगर्ने र राजनीति गर्दै हिड्ने गैरजिम्मेवार निर्माण व्यवसायीको कारण समेत यो अस्पतालको निर्माणको प्रक्रिया पनि असाध्यै ढिलो गतिमा अगाडि बढिरहेको बर्तौलाले बताएका छन् । निर्माणाधीन अस्पतालको अनुगमन र निरीक्षण गर्दा कमसल इट्टाको प्रयोगबाट वाल निर्माण गरेको पाइएको छ । निजी फाइदाका लागि अस्पताल जस्तो संवेदनशील संरचना निर्माणमा यस प्रकारको बेइमानी गर्ने जो कोहीलाई कारबाहीको विषय बनाउनुपर्ने उनले बताए ।

## ब्लु बुक हराएको सूचना

निम्न व्यहोरा भएको अटोको ब्लु बुक मिति २०८० साल मंसिर २८ गते हेटौंडा-१ चौकीटोलबाट बुद्धचोक जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**सवारी मोडल :** अटो
**सवारी नम्बर:** ना प्र-०३-००१ ह ०४३३
**सवारी धनीको नाम:** भिम बहादुर स्याङ्तान, आमभज्याङ-१, मकवानपुर
**चेचिस नम्बर:** MD2A25BY8KWD70625
**इन्जिन नम्बर:** AZYWKD88029
**सम्पर्क फोन नम्बर:** ९८४५७००६०५

## जाडोबाट बच्न निम्न उपायहरू अबलम्बन गरौं

- तातो, झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं.
- घाम वा आगो तापौं. तेल मालिस गरौं
- शारीरिक व्यायाम गरौं,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हेटौंडामै उत्पादित
## सुदिन ड्राइमिट






**Ready To Eat**

### हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

## सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना